Vermont
# health information exchange



## यो के हो?

ल Vermont Health Information Exchange (भर्मन्ट स्वास्थ्य सूचना आदानप्रदान) भनेको के हो?

Vermont Health Information Exchange ले तपाइको स्वास्थ्य सम्बन्धित रेकर्डहरूलाई सुरक्षित स्थानमा राख्छ। जब तपाई यस्तो कार्यक्रममा सहभागी भएका चिकित्सक वा स्वास्थ्य सेवा प्रदायकलाई जचाउन जानुहुन्छ, तपाइको स्वास्थ्य सम्बन्धित इलेक्ट्रोनिक अभिलेख Health Information Exchange पठाउन सकिन्छ। तपाइको स्वास्थ्य सम्बन्धित अभिलेख अर्को चिकित्सकको लागि उपलब्ध हुन्छ, त्यसैले उनीहरूलाई तपाईंको स्वास्थ्यबारेमा थाहा हुन्छ। त्यो चिकित्सकले तपाईंको अभिलेखमा थप्दै जान्छ, त्यसैले त्यो अभिलेख अरू चिकित्सकको लागि उपलब्ध हुन्छ। हरेक चिकित्सकले अभिलेख थप्दै जान्छन्।

यसले गर्दा तपाईंको प्रदायकहरूलाई सबै कुराको जानकारी हुन्छ।



## मेरा विकल्पहरु के के हुन?

अब तपाईंलाई Vermont Health Information Exchange बारे धेरै थाहा छ, अब हामी तपाईंले पाउने विकल्पहरूको बारेमा कुरा गरौं।

**भाग लिनुहोस्**

यदि तपाईं सबै प्रदायकहरूलाइ आफ्नो मेडिकल अभिलेख दिनु चाहनुहुन्छ भने तपाईंले केही गर्न जरुरी छैन। यदि तपाईंको प्रदायकहरूले भाग लिएका छन् भने, तपाईंको अभिलेख हरू Health Information Exchange मा समावेश हुनेछ।

**तपाईंले निर्णय गर्नु अघि थप जानकारी प्राप्त गर्नुहोस्**

Health Information Exchange सम्बन्धित प्रश्नहरूको जबाफ चाहेमा तपाईंको चिकित्सक वा स्वास्थ्य सेवा प्रदायकहरूले उत्तर दिन सक्छन्। वा तपाईं Health Information Exchange Hotline (स्वास्थ्य सूचना आदानप्रदान हटलाइन) **1-888-980-1243** मा कल गर्न सक्नुहुनेछ।

**भाग नलिनुहोस्**

तपाईंको अभिलेख प्रदायकहरुलाइ उपलब्ध नगराउन पनि सक्नुहुन्छ। यसलाई अप्ट आउट भनिन्छ। यदि तपाईंले अप्ट आउट गर्नुभयो भने, तपाईंको अभिलेख Health Information Exchange मा राखिने छ। तर तपाईंको प्रदायकहरूले यो आपतकालमा बाहेक देख्न सक्नेछैनन्।

अप्ट आउट गर्नु हुन्छ भने वेबसाइट **VTHealthInfo.com** मा गयर अन्लाइन वा डाउनलोड गरेर फाराम भर्नु, वा Health Information Exchange Hotline **1-888-980-1243** मा कल गर्नुहोस्।

*यदि तपाईंसँग प्रश्नहरू छन् र Vermont Health Information Exchange सँग सम्बन्ध नभको कुनै स्रोतसँग कुरा गर्न चाहनुहुन्छ भने Health Care Advocate Helpline (स्वास्थ्य हेरविचार अधिवक्ता हेल्पलाइन) 1-800-917-7787 मा कल गर्नुहोस्।*

**VTHealthInfo.com**

प्रश्नहरूको लागि, Health Information Exchange Hotline 1-888-980-1243 मा कल गर्नुहोस्।

Vermont
# health information exchange

## मेरो रेकर्डमा के छ?

बिरामी रेकर्डमा समावेश हुन सक्ने कुराहरू:

- बिरामी जनसङ्ख्या (जस्तै नाम, उमेर, जन्म मिति, ठेगाना)
- बिमारी
- घाइते, चोटपटक
- स्थिति, अवस्था
- एलर्जी
- औषधिहरू
- प्रयोगशाला परीक्षण परिणामहरू
- रेडियोलजी रिपोर्टहरू
- बिरामी हेरविचार सारांश
- डाक्टरको नोटहरू
- सीमित मानसिक स्वास्थ्य जानकारी*
- सीमित लागू पदार्थ प्रयोग विकार जानकारी* (यसलाई लत पनि भनिन्छ)

** मानसिक स्वास्थ्य र लागू पदार्थ प्रयोग विकार सम्बन्धित रेकर्डहरू उपचार भएको स्थानहरू जस्तै प्राथमिक हेरचाह केन्द्र, आपत्कालिन विभागहरू, र अस्पतालहरू बाट समावेश हुन सक्छन्। यी रेकर्डहरूमा निदान र निर्धारित औषधीहरू समावेश हुन सक्छन्। हाल, निजी मनोचिकित्सक, मानसिक स्वास्थ्य परामर्शदाता र लागू पदार्थ प्रयोग डिसअर्डर उपचार केन्द्रहरूले Vermont Health Information Exchange मा योगदान पुर्‍याउँदैनन्।*

*थप जानकारीको लागी, कृपया निम्नलिखितमा जानुहोस्*
***VTHealthInfo.com/FAQS***

Vermont Health Information Exchange, Vermont Information Technology Leaders (VITL) (भर्मन्ट सूचना प्रविधि लिडरहरू) द्वारा संचालित हो र सबै Vermont राज्यका बासिन्दाहरू को सेवाको लागि Vermont राज्य द्वारा पोषित छ। VITL बारे थप जानकारीको लागी, कृपया निम्नलिखितमा जानुहोस्: ***VITL.net***

## मेरो लागि त्यसोको अर्थ के हो?

तपाईंको डाक्टर र स्वास्थ्य सेवा प्रदायक एकै ठाउँमा हुनु भनेको तपाईंको लागि राम्रो हेरविचार हो।

जब प्रदायकहरूले Health Information Exchange प्रयोग गर्छन्, तिनिहरूसँग तपाईंको साझा रेकर्ड हुन्छ। यसको मतलब तपाईंले सबै ठाउँमा प्रश्नहरूको उत्तर दिनु पर्दैन। वा कहिले के भयो सम्झनु पर्दैन। वा कस्तो प्रकारको औषधि तपाईंले लिनु भएको सम्झनु पर्दैन। यदि आपतकाल अवस्थामा तपाईं आफ्नो जानकारी दिन सक्नु भयन भने, डाक्टरले तपाईंको महत्वपूर्ण जानकारी पाउन सक्दछ।



**VTHealthInfo.com**

अन्य प्रश्नहरूको लागि, Health Information Exchange Hotline 1-888-980-1243 मा कल गर्नुहोस्।